# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बसन्तपुर, चितवन

# स्थानीय राजपत्र

## माडी नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः २०७९/०३/१०

## भाग-१

## माडी नगरपालिका

# माडी नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९

# माडी नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९

माडी नगर शिक्षा ऐन, २०७७ मा दोस्रो संशोधन गर्न वाञ्छनीय भएकोले, माडी नगर सभाले देहायको संशोधन गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम माडी नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भहुनेछ ।

**२) माडी नगर शिक्षा ऐन, २०७७ को दफा ३६ मा संशोधन :**

(१) मुल ऐनको दफा ३६ को उपदफा (१) को खण्ड (ख) र (ग) झिकिएका छन् ।

(२) मुल ऐनको दफा ३६ को उपदफा (१) को खण्ड (घ) मा करार शिक्षक छनोट समितिले मनोनित गरेको भन्ने शब्दहरुको सट्टा गोलाप्रथाद्वारा छानिएको भन्ने शब्दहरु राखिएको छ ।

(३) मुल ऐनको दफा ३६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छ ।

(१) माडी नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९

(१क) शिक्षक छनोट समितिको बैठकमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रण गर्नु पर्नेछ ।

(४) मुल ऐनको दफा ३६ को उपदफा (५) मा तोकिए बमोजिम भन्ने शब्दहरुको सट्टा सो समिति आफैले तोकेबमोजिम भन्ने शब्दहरु राखिएको छ ।

(५) मुल ऐनको दफा ३६ को उपदफा (६) र (७) झिकिएको छ ।

माडी नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९

**३) मुल ऐनको दफा ३६ पछि दफा ३६क थपः**

मुल ऐनको दफा ३६ पछि देहायको दफा ३६क थप गरिएको छ

३६क. करार शिक्षक छनोट तथा नियुक्ति सम्बन्धी व्यवस्थाः (१) करार सेवामा शिक्षक, राहत अनुदान कोटा, नगरपालिका अनुदान कोटा, प्रारम्भिक बालविकास सहजकर्ता, प्रधानाध्यापक नियुक्तिका लागि योग्यता पुगेका उम्मेदवारबाट दरखास्त पेश गर्न नगरपालिकाको शिक्षा हेर्ने शाखाले विज्ञापन प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदन दिएका उम्मेदवारहरुमध्येबाट शिक्षक छनोट समितिले लिखित तथा मौखिक परीक्षा सञ्चालन गरी उपयुक्त उम्मेदवार छनोट गर्नेछ ।

(३) यस दफा बमोजिम छनोट भएका उम्मेदवारलाई नगर शिक्षा अधिकारीले करार सम्झौता गरी पद रिक्त रहेको विद्यालयमा कामकाज गर्न खटाउने छ ।

(४) करार सेवामा कार्यरत शिक्षक, राहत अनुदान कोटामा कार्यरत शिक्षक, नगरपालिका अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास सहजकर्तालाई विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछ ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत करार, राहत अनुदान कोटा, नगरपालिका अनुदान कोटाका शिक्षक र प्रारम्भिक बालविकासका सहजकर्तालाई समेत उपदफा (४) बमोजिम सरुवा गर्न सकिनेछ ।

**४) मुल ऐनको दफा ४४ मा संशोधनः**

(१) मुल ऐनको दफा ४४ को उपदफा (२) मा भएका दफा ३६ भन्ने शब्दहरुको सट्टा दफा ४५ भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,

पुष्पराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत